# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः९) पञ्चकन्या, साउन महिना ३० गते, २०८२ साल (संख्याः ४**

**भाग–२**

बाल विकास सहजकर्ता,विद्यालय सहायक (लेखापाल), विद्यालय सहयोगीहरुलाई गाउँपालिकाबाट थप तलव भत्ता प्रदान गर्न तथा गाउँपालिकाबाट थप गरिएको स्वयंसेवक शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय भान्छेलाई पारिश्रमिक प्रदान गर्ने सम्बन्धि मापदण्ड,२०८२

**प्रस्तावना**

यस गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा नेपाल सरकारबाट प्राप्त हुने न्युन पारिश्रमिकमा कार्यरत बाल विकास सहजकर्ता,विद्यालय सहायक (लेखापाल),विद्यालय सहयोगीहरुलाई गाउँपालिकाबाट थप तलव भत्ता प्रदान गर्न तथा गाउँपालिकाबाट थप गरिएको स्वयंसेवक शिक्षक,बाल विकास सहजकर्ता र विद्यालय भान्छेलाई पारिश्रमिक प्रदान गर्न आवश्यक बजेट बिनियोजन भएको छ। उक्त शिक्षक/कर्मचारीको आर्थिक वर्ष २०८२/८३ मा मासिक पारिश्रमिक बितरण तथा व्यवस्थापन गर्न यो मापदण्ड तय गरिएको छ।

१. **<u>क्षेत्र र प्रारम्भः</u>**

क) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भई आ.व. २०८२/८३ को लागि लागु हुनेछ।

ख) यो मापदण्ड पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा लागु हुनेछ।

**२. मासिक पारिश्रमिक दर**

| क्र.स. | पद | नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक | गाउँपालिकाबाट थप गरिने पारिश्रमिक | जम्मा तलव | बजेट स्रोत/शिर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालय सहायक (लेखापाल | १५००० | ३५०० | १८५०० | बाल विकासका शिक्षक तथा विद्यालय कर्मचारीको गाउँपालिकाले थप गर्ने सेवा सुविधा | मासिक पारिश्रमिक बराबरको चाडपर्व खर्च वर्षको एक पटक प्रदान गर्ने। |
| २. | बाल विकास सहजकर्ता | १२००० | ४००० | १६००० | | |
| ३. | विद्यालय सहयोगी | १०००० | ३००० | १३००० | | |
| ४. | स्वयंसेवक शिक्षक मा.वि | ० | २९००० | २९००० | स्वयम् सेवक शिक्षक/ कर्मचारीको पारिश्रमिक व्यवस्थापन | |
| ५. | स्वयंसेवक शिक्षक नि.मा.वि | ० | २०००० | २०००० | | |
| ६. | स्वयंसेवक शिक्षक प्रा.वि (वि. स. २०७९ अघि नियुक्त भएका) | ० | १७००० | १७००० | | |
| ७. | स्वयंसेवक शिक्षक प्रा.वि (वि. स. २०७९ देखि नियुक्त भएका) | ० | १५००० | १५००० | | |
| ८. | विद्यालय भान्छे | ० | १२००० | १२००० | | |

**३. पारिश्रमिक निकासा र भुक्तानी प्रक्रिया**

क. विद्यालयको मागफाराम र प्रमाणित हाजिरी विवरणको आधारमा गाउँपालिकाले सम्बन्धित शिक्षकको बैङ्क खातामा मासिक निकासा गर्नेछ।

**४. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः**

गाउँ कार्यपालिकाको निर्णयअनुसार गाउँपालिका कार्यालयले सम्बन्धित शिक्षक/कर्मचारीसंग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ।

**आज्ञाले**

**हिराधन राई**

**प्रमुख प्रशासकीय अधिकृत**